नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# भूमि व्यवस्थापन तथा अभिलेख विभाग

## भूमि व्यवस्थापन तथा अभिलेख विभाग बबरमहल काठमाडौंको भू-सेवा केन्द्र सञ्चालन सम्बन्धी अत्यन्त जरुरी सूचना

प्रकाशित मिति२०७७।१०।१४

जग्गा प्रशासन सम्बन्धी सेवालाई समय सापेक्ष परिवर्तन गरी सूचना प्रविधिमा आधारित बनाउने उदेश्यले नेपाल सरकारले भूमि सुधार/मालपोत कार्यालयहरुमा भू-अभिलेख सूचना व्यवस्थापन प्रणाली (Land Records Information Management System-LRIMS), अभिलेख ब्यवस्थापन प्रणाली (Document Management System - DMS ) तथा Public Access Model (PAM ) प्रणालीको विकास गरि कार्यान्वयनमा ल्याएको छ।

Public Access Model (PAM ) सेवाग्राहीले इन्टरनेटको माध्यमबाट जग्गा प्रशासन सम्बन्धी कार्य गर्न सकिने गरि बिकास गरिएको प्रणाली हो । मालपोत नियमावली, २०३६ (छैठौं संशोधन) को नियम २३क(२) को ब्यवस्था अनुसार PAM प्रणालीको विकास गरी भू—सेवा केन्द्रको संचालन तथा व्यवस्थापन गरिएको छ । हाल सम्म भूमिसुधार/मालपोत कार्यालयहरु क्रमशः डिल्लीबजार, लगनखेल, भक्तपुर, कलंकी, मनमैजु, टोखा, चावहिल, साँखु, पोखरा, लेखनाथ (कास्की), पुतलीबजार (स्याङजा), बुटवल, पाँचथर, पर्वत, धादिङ, चितवन, काभ्रेपलान्चोक र ईलाम गरी जम्मा १८ कार्यालयहरुमा PAM लागू भइसकेको साथै केही स्थानीय तहहरुमा समेत यो सेवा बिस्तार भैसकेको छ।

दोस्रो चरण अन्तर्गत यसै आर्थिक वर्षभित्र भूमिसुधार/मालपोत कार्यालयहरु: ताप्लेजुङ, मंगलबारे ईलाम, भद्रपुर झापा, दमक झापा, विराटनगर मोरङ, बेलवारी मोरङ, रंगेली मोरङ, इनरुवा सुनसरी, धरान सुनसरी, धनकुटा, तेह्रथुम, खांदवारी संखुवासभा, चैनपुर संखुवासभा, भोजपुर, सोलुखुम्बु, खोटाङ, ओखलढुङ्गा, गाइघाट उदयपुर, कटारी उदयपुर, राजविराज सप्तरी, कन्चनपुर सप्तरी, सिराहा, लाहान सिराहा, जनकपुरधाम धनुषा, जलेश्वर महोत्तरी, बर्दिवास महोत्तरी, मलंगवा सर्लाही, हरिवन सर्लाही, वरहथवा सर्लाही, सिन्धुली, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, गोटीखेल ललितपुर, नुवाकोट, रसुवा, मकवानपुर, शिखरकोट मकवानपुर, गौर रौतहट, गरुडा रौतहट, चन्द्रनिगाहपुर रौतहट, कलैया बारा, सिमरा बारा, पर्सा, माडी चितवन,

चनौली चितवन, खैरहनी चितवन, गोरखा, लमजुङ, तनहुँ, वालिङ्ग स्याङ्जा, बाग्लुङ, बुर्तीवाङ बाग्लुङ, म्याग्दी, मुस्ताङ, पाल्पा, रामपुर पाल्पा, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), नवलपरासी (बर्दघाट सुस्ता पश्चिम, रुपन्देही, तौलिहवा कपिलबस्तु, चन्द्रौटा कपिलवस्तु, अर्घाखाँची, गुल्मी, सल्यान, रोल्पा, घर्तिगाउँ रोल्पा, प्यूठान, घोराही दाङ, तुलसीपुर दाङ, लमही दाङ, , नेपालगञ्ज बाँके, गुलरिया बर्दिया, राजापुर बर्दिया, सुर्खेत, मेहेलकुना सुर्खेत, जाजरकोट, दैलेख, जुम्ला, कालिकोट, बझाङ, झोताभैरव बझाङ, डोटी, धनगढी कैलाली, टिकापुर कैलाली, महेन्द्रनगर कन्चनपुर, बेलौरी कन्चनपुर, डडेलधुरा, बैतडी र दार्चुला गरी थप ९० भूमिसुधार/मालपोत कार्यालयहरुमा PAM लागू गर्ने योजना रहेको छ ।

माथि उल्लेख भएका भूमिसुधार/मालपोत कार्यालयहरुले यसै सूचनालाई विभागीय स्वीकृति मानि आबश्यक तयारी पूरा गरि यथासक्य छिटो एक महिनाको सूचना प्रकाशित गरी इच्छुक व्यक्ति तथा संघसंस्थाहरुबाट अनलाइन निबेदन आह्वान गर्नुपर्नेछ । यसरी सूचना प्रकाशित भएपश्चात सम्बन्धित व्यक्ति/संघसंस्थाहरुले आफुलाई पाएक पर्ने एवं सेवा सञ्चालन गर्ने कार्यालयमा Public.dolma.gov.np मार्फत अनलाइन निबेदन पेश गर्नुपर्ने छ ।

<u>तपसिल</u>

१. जग्गाधनी आफैंले one time password (OTP) को प्रयोग गरी अनलाइन प्रणालीमा पहुँच प्राप्त गरी निवेदन तथा फाराम भर्न सक्नेछन् । यसै गरी साधारण प्रयोगकर्ताले युजर एकाउन्ट खोल्नको लागि सम्बन्धित कार्यालयमा रु. ५००।- दस्तुर बुझाउनु पर्ने तथा यस्तो प्रयोगकर्ताले प्रत्येक १० वर्षमा रु. १००।- बुझाइ नवीकरण गर्नुपर्नेछ ।

२. भू-सेवा केन्द्रको अनुमति पत्र लिन इच्छुक व्यक्तिले रु ३,०००।- दस्तुर बुझाउनुका साथै रु ५०,०००।- धरौटी/बैंक ग्यारेन्टी राख्नु पर्ने छ ।

३. भू-सेवा केन्द्रको अनुमति लिने संस्था, बैंक तथा वित्तीय संस्था, सहकारी, कर्मचारी संचयकोष लगायतका निकायहरुले रु ५,०००।- दस्तुर बुझाउनुको साथै रु. २(दुई) लाख धरौटी/बैंक ग्यारेन्टी राख्नु पर्ने छ । साथै प्रत्येक आ.ब.मा म्याद भित्रै व्यक्ति र संस्था दुवैले रु ३,०००।- दस्तुर बुझाइ नविकरण गर्नु पर्नेछ ।

४. बैंक तथा वित्तीय संस्था, सहकारी, कर्मचारी संचयकोष, नागरिक लगानीकोष जस्ता संस्थाहरुले धितो बन्धक रोक्का/फुकुवा प्रयोजनका लागिमात्र आफ्नो प्रधान कार्यालय

रहेको कार्यक्षेत्र भित्रको मालपोत कार्यालयमा अनलाइन निवेदन पेश गरी अनुमति प्राप्त गर्नुपर्नेछ र प्रधान कार्यालयले यसरी अनुमति प्राप्त गरेपछि आवश्यकतानुसार आ-आफ्ना शाखा कार्यालयहरुलाई user वितरण गर्न सक्नेछ।

५. स्थानीय तहलाई भू-सेवा सञ्चालनको अनुमति लिनको लागि कुनै दस्तुर तथा धरौटी आवश्यक पर्ने छैन, तर प्रत्येक आ.व. मा सञ्चालन अनुमति नविकरण गराउनु पर्ने छ ।

६. आफ्नो लिखत आफै तयार गर्ने OTP प्रयोगकर्ता बाहेक अन्य भू-सेवा केन्द्र सञ्चालन गर्ने व्यक्ति, संस्था, बैंक तथा वित्तीय संस्था, सहकारी, स्थानीय तह, कर्मचारी संचयकोष र नागरिक लगानीकोष लगायतसँग भू-सेवा केन्द्र सञ्चालनको लागि Computer, Printer, Power Backup System, Scanner, भू-सूचना प्रणाली सँग Compatible हुने Biometric Device, वेब क्यामेरा तथा दस्तखत मेसीन जस्ता उपकरण र कम्तिमा ५/५ एमबीपीएसको इन्टरनेट कनेक्टीभिटी उपलब्ध हुनु पर्नेछ ।

७. भू-सेवा केन्द्र सञ्चालन गर्न चाहने ब्यक्ति नेपाली नागरिक भइ अठार वर्ष उमेर पुरा भएको हुनुपर्ने, कम्प्युटर विषय लिइ +2 वा सो सरह उत्तीर्ण गरेको वा अन्य विषयमा सो सरहको योग्यता भइ कम्प्युटर सम्बन्धी कम्तिमा छ महिनाको तालिम प्राप्त गरेको, प्रचलित कानून बमोजिम स्थायी लेखा नम्बर लिएको, नैतिक पतन देखिने फौजदारी कसुर वा लिखत सम्बन्धी कुनै कसुरमा अदालतबाट दोषी प्रमाणित नभएको र बुदा नं. ६ मा तोकिएका भौतिक पूर्वाधार भएको हुनु पर्ने छ ।

८. भू-सेवा केन्द्र सञ्चालन गर्न चाहने संस्थाको हकमा प्रचलित कानून बमोजिम सेवा प्रदायक संस्थाको रुपमा नेपाली नागरिकले दर्ता, स्थापना र सञ्चालन गरेको, स्थायी लेखा नम्बर लिएको, करचुक्ताको प्रमाण पत्र भएको, संस्थामा काम गर्ने ब्यक्तिको योग्यता माथि बुदाँ नं. ७ मा उल्लेख गरे बमोजम भएको र बुदा नं. ६ मा उल्लेख गरेको भौतिक पूर्वाधार भएको हुनु पर्ने छ ।

९. लेखापढी कानून व्यवसायीको हकमा व्यवसाय गर्न प्रमाण पत्र भएको, स्थायी लेखा नम्बर लिएको र बुदा नं. ६ मा उल्लेख भएका भौतिक पुर्वाधार भएको हुनु पर्ने छ ।

उल्लेखित आवश्यक योग्यता र पूर्वाधार भए नभएको सम्बन्धमा सम्बन्धित कार्यालयले निरीक्षण गरी भू-सेवा केन्द्र सञ्चालन अनुमति प्रदान गर्नेछ।

यस सूचनामा उल्लेख नभएका वा कुनै द्वविधा भएका विषयहरुमा भू-सुचना संचालन निर्देशिका, २०७१ तथा भू-सेवा केन्द्र संचालन निर्देशिका, २०७६ बमोजिम हुनेछ । थप जानकारीका आवश्यक परेमा सम्बन्धित कार्यालयमा सोधपुछ गर्ने, विभागको वेव साइट www.dolma.gov.np मा हेर्न वा विभागको फोन नम्बरहरु ४२२३०४९, ४२२००२८ मा सम्पर्क गर्न सकिने छ ।

महानिर्देशक